# नेपाल वायु सेवा निगम, काठमाडौंको
## रिक्त महाप्रबन्धक पदको पदपूर्तिको लागि दरखास्त आव्हानसम्बन्धी सूचना
### प्रकाशन मितिः २०८२/०७/२७

नेपाल वायु सेवा निगमको रिक्त महाप्रबन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. उम्मेदवारको योग्यता तथा अनुभवः

(क) नेपाली नागरिक हुनुपर्ने,

(ख) तीस वर्ष पूरा भई पैसट्ठी वर्ष उमेर ननाघेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी नागरिक उड्डयन, पर्यटन, व्यवस्थापन, अर्थशास्त्रसम्बन्धी क्षेत्रमा कम्तीमा १० (दश) वर्ष उच्चस्तरको व्यवस्थापकीय अनुभव भएको,

(घ) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमतिपत्र नलिएको।

२. पेश गर्नुपर्ने कागजातहरूः

(क) अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम,

(ख) अनुसूची-२ बमोजिमको स्व-घोषणा,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(घ) शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति तथा विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र,

(ङ) अनुभवको प्रमाणपत्र (अनुभवको विवरणमा काम गरेको संस्थाको नाम, काम गरेको अवधि वर्ष, महिना, दिन समेत खुलाई पेश गर्नुपर्नेछ),

(च) वैयक्तिक विवरण (बायोडाटा),

(छ) नेपाली भाषामा कम्तिमा तीन हजार शब्दको छुट्टै सिलबन्दी गरिएको व्यावसायिक कार्ययोजना (तीन प्रति),

(ज) दरखास्त दस्तुरवापत रु.२५००/- (अक्षेरेपि दुईहजार पाँचसय मात्र) निम्न बैंक खातामा जम्मा गरेको सक्कल भौचर वा अनलाइन भुक्तानीको प्रमाण।

<u>निम्नः</u>

बैंकः राष्ट्रिय वाणिज्य बैंक

कार्यालयको नामः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

कार्यालय कोडः ३२५००३५०१

राजस्व शीर्षक नं: १४२२४

पुनश्चः (ग) देखि (ङ) सम्मका पेश भएका कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित हुनु पर्नेछ।

३. प्रस्तुतिकरण तथा अन्तर्वार्ताः दरखास्त स्वीकृत भई संक्षिप्त सूचीमा परेका उम्मेदवारले तोकिएको स्थान, मिति र समयमा प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुनुपर्नेछ।

४. पारिश्रमिक तथा सुविधाः निगमको प्रचलित नियमानुसार।

५. यस सूचनाबमोजिम रीतपूर्वक प्राप्त हुन नआएको दरखास्त अस्वीकृत हुनेछ।

६. थप जानकारीका लागि श्री हिमराज अर्याल मोबाइल नं. ९८५११८६२७१ मा सम्पर्क गर्न सकिनेछ।

छनौट समिति